MCC

सहास-नेपाल
27 YEARS WITH COMMUNITY


जलवायु परिवर्तन र अनुकुलन

सहजीकरण सामग्री




मौसम, जलवायु र हरितगृह ग्याँसहरू

मौसम







जलवायु



हरितगृह ग्याँस उत्सर्जन





मौसम, जलवायु र हरितगृह ग्याँसहरू


» मौसम वायुमण्डलको छोटो समयावधिको अवस्था हो भने जलवायुले लामो समय अवधिसम्ममा वायुमण्डलले लिने रूपलाई जनाउँछ ।


» हामीले मौसमको औसत अवस्था कस्तो थियो र अबको दिनमा कस्तो होला भन्ने अपेक्षा गर्छौं, जुन जलवायु हो भने अहिले हाम्रा सामु वायुमण्डलको जस्तो अवस्था छ त्यही नै मौसम हो ।

» पृथ्वीको वायुमण्डलमा हरित गृह ग्याँसहरूको वृद्धिले ताप सञ्चय हुने प्रक्रियालाई हरित गृह प्रभाव भनिन्छ ।

» हरित गृह ग्याँसहरूको सञ्चयबाट हुने हरित गृह प्रभाव नै विश्व उष्णीकरणको मुख्य कारक हो ।

जलवायु परिवर्तन भनेको के हो ?





जलवायु परिवर्तन भनेको के हो ?

» जलवायु परिवर्तन भनेको जलवायुका मापकहरू जस्तै तापक्रम, वर्षा, सापेक्षिक आद्रता र वायुमा आउने परिवर्तन हो ।


» वायुमण्डलमा हरितगृह ग्याँस जस्तै : कार्बनडाइअक्साइड, मिथेन, नाइट्रस अक्साइडको बढ्दो मात्राले प्राकृतिक रूपमा नै जलवायुमा परिवर्तन भइरहेको छ ।

» जल भनेको पानी र वायु भनेको हावा हो । हाम्रो वरिपरिको हावापानीमा लामो समयको अन्तरालमा भएको फेरबदललाई नै जलवायु परिवर्तन भनेर बुझ्न सकिन्छ ।

जलवायु परिवर्तनका कारणहरू









जलवायु परिवर्तनका कारणहरू

उद्योग कलकारखाना र सवारी साधनबाट उत्सर्जन हुने ग्याँस

कलकारखानाबाट निस्किने कालो धुँवा साथसाथै गाडीहरूबाट निस्किने धुँवामा कार्बनडाइअक्साइड, कार्वन मौनोअक्साइड जस्ता हरितगृह ग्याँसहरू हुन्छन् । यस्ता ग्याँसहरू वायुमण्डलमा गएर जलवायु परिवर्तन हुनुमा प्रत्यक्ष भूमिका निर्वाह गर्छन् ।

वन विनाश/डढेला

रूखहरूले वायुमण्डलमा रहेको कार्बनडाइअक्साइड लिने गर्दछन् । वन जब मासिँदै जान्छ, तब रूखहरूले सञ्चित गरेर राखेको कार्बन उत्सर्जन हुन्छ र हरित गृह ग्याँसको उत्सर्जन बढेर जान्छ । साथै जब जङ्गलमा आगो/डढेलो लाग्छ, त्यो धुँवाले हावामा धेरै कार्बनडाइअक्साइड छोड्छ । थप रूपमा, आगोले त्यस क्षेत्रको मौसम परिवर्तन गर्दछ र बोटबिरुवा र जनावरहरूलाई बाँच्न गाह्रो बनाउन सक्छ ।

पशुपालन

जनावरहरू जस्तै : गाई तथा भैँडाहरूले पाचन प्रक्रियाका क्रममा अत्याधिक मिथेन ग्याँस उत्पादन गर्दछन् । यी जनावरहरूको मल पनि हरितगृह ग्याँसहरू जस्तै : मिथेन र नाइट्रस अक्साइडको स्रोत भएकाले यसको व्यवस्थापन गर्नु महत्त्वपूर्ण हुन्छ ।


फोहोरमैला व्यवस्थापन नहुनु


खाद्यान्न, कागज जस्ता जैविक फोहोरहरू अक्सिजनको अनुपस्थितिमा कुहिँदा मिथेन ग्याँसको उत्सर्जन हुन्छ, जुन एक हरित गृह ग्याँस हो र यसले विश्व उष्णीकरणलाई बढावा दिन्छ । फोहोर जलाउँदा कार्बनडाइअक्साइड र अन्य ग्याँसहरू हावामा निस्कन्छ, जसले हावालाई प्रदुषित बनाउँछ र हावापानीमा असर गर्छ । जलवायु परिवर्तनलाई रोक्न मद्दतको लागि यसलाई घटाएर, पुनः प्रयोग गरी फोहोरको सही व्यवस्थापन गर्नु महत्त्वपूर्ण छ ।


अन्य मानवीय क्रियाकलाप


मानवद्वारा गरिने विभिन्न क्रियाकलाप जस्तै : प्लाष्टिक जन्य फोहोर, वन जङ्गलको डढेलो आदिले पनि जलवायु परिवर्तनमा ठूलो भूमिका खेलेको हुन्छ ।


जलवायु परिवर्तनका असरहरू











जलवायु परिवर्तनका असरहरू

अस्थिर वर्षा (अति वृष्टि, अल्पवृष्टि, वेमौसमी वर्षा)

जलवायु परिवर्तनका कारण हुने अस्थिर वर्षाका कारण कहिले धेरै ठूलो वर्षा हुने र कहिले न्यून वर्षा हुने समस्या उत्पन्न हुन्छ । जसका कारण धेरै वर्षा हुँदा बाढी, पहिरो र भू-क्षय जस्ता समस्याहरू उत्पन्न हुनुका साथै न्यून वर्षाका कारण सुख्खा खडेरी र पानीका स्रोतहरूको अभाव उत्पन्न हुन्छ ।

तापक्रममा वृद्धि

बढ्दो तापक्रममा विभिन्न रोगहरूका महामारी फैलिने सम्भावना उच्च रहन्छ ।

तीव्र मौसमी घटना

जलवायु परिवर्तनका कारण मौसमी घटनाहरू जस्तै : बाढी, पहिरो र भू-क्षय आदिको सघनता र मात्रामा वृद्धि हुनुका साथै विभिन्न किसिमका विपत्तिहरू सिर्जना हुन्छ ।

हिउँ पग्लनु तथा समुद्री सतहमा वृद्धि

तीव्र गतिमा हिउँ पग्लनाले हिमालमा हिउँको मात्रा घट्दै जाने र स्वच्छ पानीका स्रोतहरू घट्दै गइरहेका छन् । त्यसै गरी तीव्र हिउँ पग्लनाले हिमताल विस्फोटन भइ बाढीको जोखिमलाई पनि बढाउँदछ ।


जलवायु परिवर्तनले प्रभाव पारेका क्षेत्रहरू













जलवायु परिवर्तनले प्रभाव पारेका क्षेत्रहरू

- कृषि
- वन तथा जैविक विविधता
- जन स्वास्थ्य
- जलस्रोत तथा उर्जा
- जलवायु जन्य प्रकोप





जलवायु परिवर्तनले प्रभाव पारेका क्षेत्रहरू

कृषि

» तापक्रम बढ्दै जाँदा र वर्षाको ढाँचा परिवर्तन हुँदा, बाली उत्पादनमा असर परिरहेको छ र उत्पादनमा ह्रास आइरहेको छ ।

» खडेरी, बाढी र तातो हावाका लहरहरू लगायतका अधिक बारम्बार र गम्भीर मौसमी घटनाहरू जलवायु परिवर्तनले निम्त्याउँदैछ, जसले बालीलाई नोक्सान पुर्याउँछ र उत्पादन घटाउन सक्छ ।

» जलवायु परिवर्तनले रोगकीराहरूको सङ्क्रमण बढ्दै गईरहेको छ र यसले बालीको उत्पादन र गुणस्तरलाई असर गरिरहेको छ ।

» जलवायु परिवर्तनले भू-उपयोग ढाँचामा परिवर्तन ल्याइरहेको छ । केही क्षेत्रहरूमा मरुभूमीकरण भईरहेको छ भने कतै माटोको उर्वरा शक्तिमा ह्रास आइरहको छ ।

» जलवायु परिवर्तनले विश्वव्यापी खाद्य सुरक्षालाई खतरामा पारेको छ र केही क्षेत्रहरूमा बाली उत्पादनमा कमी र खाद्य असुरक्षा बढेको छ ।

वन तथा जैविक विविधता





जलवायु परिवर्तनले प्रभाव पारेका क्षेत्रहरू

वन तथा जैविक विविधता


» विभिन्न प्रजाति लोप भई वन र जैविक विविधताका लागि खतरा बनेको छ ।

» तल्लो भेगका वनस्पति तथा जीवहरू माथिल्लो भेगतिर पाइन थालेका छन् ।

» नयाँ जीव तथा वनस्पति देखिने र केही हराउने समेत अवस्था छ, जस्तै : बनमारा जस्ता मिचाहा प्रजातिहरूको आगमन हुनु ।

» वनस्पतिको फूल्ने र फल्ने समयमा परिवर्तन हुनु जस्तै : लालीगुराँस फूल्ने समयमा फेरबदल भएको छ ।

» समग्रमा वन विनासले जलवायु परिवर्तनमा असर पुर्याई प्रत्यक्ष रूपमा जनावर र बिरुवाहरूलाई प्रभाव पार्नुका साथै वनजन्य स्रोतमा आश्रित परिवारहरूको जीविकोपार्जनलाई समेत प्रभावित गर्छ ।





जलवायु परिवर्तनले प्रभाव पारेका क्षेत्रहरू

जन स्वास्थ्य

» जलवायु परिवर्तनका कारण तापक्रम बढ्दै जाँदा गर्मीसँग सम्बन्धित रोगहरूका प्रकोप बढिरहेको छ, जस्तै : स्ट्रोक, लुको प्रकोप बढ्नुका साथै तातो र चिसोबाट हुने रोग तथा मुत्यु हुने संख्यामा वृद्धि हुदै गएको छ ।

» जलवायु परिवर्तनले गर्दा वायुको गुणस्तर क्रमशः बिग्रँदो छ, जसले गर्दा श्वासप्रश्वास सम्बन्धी दम, फ्लू जस्ता रोगहरूको आक्रमण बढ्दै गईरहेका छन् ।

» जलवायु परिवर्तनले रोग बोक्ने कीराहरू र जनावरहरूको भौगोलिक वितरणमा परिवर्तन ल्याइरहेको छ, जसले गर्दा हैजा, डेंगु, मलेरिया जस्ता रोगहरूको प्रकोप बढेको छ ।

» बारम्बार खडेरी र अन्य चरम मौसमी घटनाहरूका नेतृत्व जलवायु परिवर्तनले गरिरहेको छ, जसले खाद्य उत्पादनमा बाधा पुर्याउँछ र कुपोषण निम्त्याउन सक्छ ।

» बारम्बार बाढी र पहिरो जस्ता विपद् आउनाले दूषित पानी आपूर्ति र पानीबाट हुने रोगहरूको जोखिम पनि बढ्दो छ ।





जलवायु परिवर्तनले प्रभाव पारेका क्षेत्रहरू

जलस्रोत तथा उर्जा

» जलवायु परिवर्तनले समय, तीव्रता र वर्षाको स्थानमा परिवर्तन ल्याइरहेको छ, जसले गर्दा अतिवृष्टि र अल्पवृष्टि घटनाहरू घटी रहेका छन् ।

» तापक्रम बढ्दै जाँदा वाष्पीकरण दर बढ्छ साथै पानीका मुहानहरूको संरक्षण नहुँदा मुहानहरू सुक्दै गईरहेका छन् जसले गर्दा पानीको उपलब्धता घट्दो क्रममा छ ।

» तापक्रम बढ्दै जाँदा, धेरै क्षेत्रहरूमा हिउँ छिटो पग्लने र कम हिउँ हुनुका साथै हिउँ पग्लिने स्वरूपमा परिवर्तन हुँदैछन् । यसले हिमनदीहरूमा पानीको बहाबलाई पनि असर गरिरहेको छ ।

» जलवायु परिवर्तनले बारम्बार र गम्भीर बाढीका घटनाहरू घटिरहेका छन्, जसले पानीको स्रोतको बहाव र प्रदुषण बढिरहेको छ । साथैं, कलकारखाना र शहरीकरणबाट निस्किने फोहोर र ढलको निकासी खोलानाला पुग्ने भएकोले खोलानालाका पानी समेत प्रदूषित भएका छन् ।

जलवायु जन्य प्रकोप





जलवायु परिवर्तनले प्रभाव पारेका क्षेत्रहरू

जलवायु जन्य प्रकोप

» प्रकोपहरू विपदमा परिणत भएर जनधनका साथसाथै कृषि उपज बालीहरू र पशुपन्छीहरूको ठूलो क्षति हुन्छ जस्तै : पग्लिदो हिमनदी र हिमताल विष्फोट हुँदा आउने बाढी ।

» जलवायु परिवर्तनले जोखिमहरू बढाउँछ र समुदाय र व्यक्तिहरूको पानी र खाद्य सुरक्षामा अस्थिरता ल्याउँछ ।

जलवायु परिवर्तनलाई न्यूनीकरण कसरी गर्न सकिन्छ ?






जलवायु परिवर्तनलाई न्यूनीकरण कसरी गर्न सकिन्छ ?


» रूखहरूले कार्बनडाइअक्साइड सञ्चय गर्दछ र वातावरणमा हरितगृह ग्याँसहरू कम गर्न मद्दत गर्दछ । धेरै रुख रोप्नु र वन संरक्षणले हरित गृह ग्याँसलाई न्यूनीकरण गर्न मद्दत गर्न सक्छ ।

» स्वच्छ ऊर्जाको स्रोतहरू, जस्तै : हावा, सौर्य र जलविद्युतलाई समर्थन गर्नाले कार्बन उत्सर्जन घटाउन र स्वच्छ वातावरणलाई बढावा दिन सकिन्छ ।

» जलवायु परिवर्तनका प्रभावहरू र यसको प्रभावलाई कम गर्नका लागि गर्न सकिने कार्यहरूको बारेमा जनचेतनामूलक कार्यक्रमहरूले व्यक्तिगत र सामूहिक कार्यलाई प्रवर्द्धन गर्न मद्दत गर्न सक्छ ।

जलवायु परिवर्तनका अनुकूलनका उपायहरू











जलवायु परिवर्तनका अनुकूलनका उपायहरू

जलवायु मैत्री प्रविधिहरूको प्रयोग र प्रवर्द्धन

कृषिमा जलवायु परिवर्तनले पार्ने प्रभावहरूलाई कम गर्न विभिन्न जलवायु मैत्री प्रविधिहरू जस्तै : घरबगैंचा, प्लाष्टिक घरमा खेती, जैविक विषादीको प्रयोग, भकारो सुधार, प्राङ्गारिक मलको प्रयोग आदि प्रविधिहरू अपनाउन सकिन्छ ।

मौसम पूर्वअनुमान र पूर्वचेतावनी प्रणालीको विकास

अतिवृष्टि, अनावृष्टि लगायत मौसम सम्बन्धी जानकारीको पूर्व सूचना तथा बाढी पहिरो जस्ता विपद्हरूको पूर्व जानकारीले जलवायु परिवर्तनबाट हुने विभिन्न विपद्का क्षतिलाई कम गर्न सकिन्छ ।

सार्वजनिक स्वास्थ्य र सुरक्षा उपायहरू

जलवायु परिवर्तनले जनस्वास्थ्यमा गम्भीर असर पार्न सक्छ, त्यसैले यी प्रभावहरूबाट मानिसहरूलाई जोगाउने उपायहरू लागू गर्न महत्त्वपूर्ण छ, जस्तै आपत्कालीन प्रतिक्रिया प्रणाली सुधार गर्ने र वायु प्रदूषणको जोखिम कम गर्ने ।

अनुकूलन योजना

जलवायु-जोखिम मूल्याङ्कन, जोखिममा रहेका समुदायहरू पहिचान गरि र यी जोखिमहरू व्यवस्थापन गर्न जलवायु परिवर्तनसँग अनुकूलन योजनाहरूको विकास र कार्यान्वयन गर्न सकिन्छ ।



प्रकाशक : सहयोगी हातहरूको समूह (सहास) नेपाल

तयारकर्ता : रोशनी घिमिरे, रुमी महर्जन र राजु जती

पुनरावलोकन : डा. सुरेन्द्र कुमार श्रेष्ठ र टंक गौतम

सर्वाधिकार : प्रकाशकमा

(जनचेतना अभिवृद्धिका लागि यो सहजिकरण सामग्री प्रयोग गर्न चाहनुहुन्छ भने, सहास नेपाललाई सम्पर्क गर्नुहोला ।)

सम्पर्क :
सहयोगी हातहरूको समूह (सहास) नेपाल

पो. ब. नं. : ८९७५, ईपीसी १५९०, ललितपुर, नेपाल
फोन : ०१ ५९०५६७१ | ईमेल : info@sahasnepal.org.np
वेबसाईट : www.sahasnepal.org.np

डिजाइन तथा मुद्रण : artink.com.np

थप जानकारीका लागि :

सहयोगी हातहरूको समूह (सहास) नेपाल

पो. ब. नं. : ८९७५, ईपीसी १५९०, ललितपुर, नेपाल
फोन : ०१ ५९०५६७१ | ईमेल : info@sahasnepal.org.np
वेबसाईट : www.sahasnepal.org.np